जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक २०६ • २०८३ जेठ ३ गते आईतवार • 17 May. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## पतिको दीर्घायु, पारिवारिक सुख-समृद्धि तथा सन्तान प्राप्तिको कामना गर्दै बटसावित्री पर्व श्रद्धा र उत्साहका साथ मनाइयो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २ जेठ**

मिथिलाञ्चल सहित देशका विभिन्न क्षेत्रमा आज विवाहित महिलाहरूले आफ्नो पतिको दीर्घायु, पारिवारिक सुख-समृद्धि तथा सन्तान प्राप्तिको कामना गर्दै बटसावित्री पर्व श्रद्धा र उत्साहका साथ मनाइरहेका छन् ।

प्रत्येक वर्ष जेठ महिनाको औँसी तिथिमा मनाइने यो पर्वका अवसरमा शनिबार बिहानैदेखि बरको रूखमुनि पूजा गर्ने महिलाहरूको भीड देखिएको छ। जनकपुरधाम, सिरहा, सप्तरी, महोत्तरी, धनुषा, सर्लाही लगायत मिथिलाका मठमन्दिर तथा सार्वजनिक स्थलहरूमा महिलाहरू पारम्परिक भेषभूषा र श्रृङ्गारमा सजिएर पूजाआजामा सहभागी भएका थिए ।



मिथिला संस्कृतिमा बटसावित्री पर्वलाई आदर्श नारीत्व, दाम्पत्य जीवनको सुदृढता तथा पारिवारिक समृद्धिसँग जोडेर हेर्ने गरिन्छ । विशेषगरी नवविवाहित महिलाहरूका लागि यो पर्वलाई विशेष महत्वका साथ मनाउने परम्परा रहेको छ। यस अवसरमा माइती वा बेहुलाको घरबाट पूजा सामग्री, वस्त्र तथा विभिन्न उपहार 'पाहुर' पठाउने चलन पनि कायम छ । व्रतालु महिलाहरूले बरको रूखमा काँचो धागो बेरेर पूजा गर्नुका साथै बटसावित्रीको पौराणिक कथा श्रवण गर्ने गर्दछन् । हिन्दु धार्मिक विश्वासअनुसार बरको रूखलाई पवित्र र दीर्घायुको प्रतीक मानिन्छ । पौराणिक कथाअनुसार सावित्रीले आफ्नो अटल सतीत्व, भक्ति र तपस्याको बलमा मृत्युका देवता यमराजबाट पति सत्यवानको प्राण फिर्ता ल्याएकी थिइन् ।

सोही घटनाको स्मरणमा यो पर्व परापूर्वकालदेखि मिथिलाञ्चलमा मनाइँदै आएको धार्मिक तथा सांस्कृतिक विश्वास छ। मिथिलामा बटसावित्री पर्वलाई 'बरसाइत' नामले पनि चिनिन्छ। धार्मिक आस्था, सांस्कृतिक परम्परा र पारिवारिक सम्बन्धलाई मजबुत बनाउने पर्वका रूपमा यसलाई विशेष महत्व दिइन्छ ।

## जनकपुर साहित्य महोत्सव 'हेरिटेज वाक' कार्यक्रम भव्य रूपमा सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २ जेठ**

मिथिला सभ्यता, संस्कृति र ऐतिहासिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यसहित जारी जनकपुर साहित्य महोत्सवअन्तर्गत दोस्रो दिन शनिबार 'हेरिटेज वाक' कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ । जनकपुरधामका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको महत्व उजागर गर्दै जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गराउने अभियानलाई थप बल पुर्‍याउने उद्देश्यले आयोजना गरिएको हेरिटेज वाकमा विद्यार्थी, युवा, सुरक्षाकर्मी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो। महोत्सवको पहिलो सत्रअन्तर्गत आयोजित हेरिटेज वाक प्रसिद्ध जानकी मन्दिर परिसरबाट सुरु भएको थियो ।

सहभागीहरूको विशाल जुलुस नगर परिक्रमा गर्दै राम मन्दिर, पेठिया बजार, दशरथ तलाउ, बाह्रबिघा, अरगजा पोखरी, धनुष सागर र गंगा सागरलगायतका ऐतिहासिक तथा धार्मिक स्थल हुँदै महेन्द्र नारायण निधि सभाकक्ष पुगेर समापन भएको थियो। हेरिटेज वाकमा सहभागीहरूले जनकपुरधामको प्राचीन सांस्कृतिक पहिचानलाई संरक्षण गर्नुपर्ने आवश्यकता औँल्याउँदै सम्पदाको महत्वबारे जनचेतना फैलाउने प्रयास गरेका थिए । आयोजकका अनुसार जानकी मन्दिरसँगै जनकपुरधामका अन्य ऐतिहासिक स्थलहरूलाई पनि अन्तर्राष्ट्रिय स्तरमा चिनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence




**सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं ।**

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं ।

**हिमाल हाम्रो पहिचान र गौरवको आधार ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# अबको बजेटमा स्वास्थ्य तर्फ हेरौं

*बालेन शाह नेतृत्वको सरकारको १८ बुँदे राष्ट्रिय प्रतिबद्धतामा २०८८ सालसम्म स्वास्थ्य क्षेत्रको बजेटलाई राष्ट्रिय बजेटको ८ प्रतिशत पुऱ्याउने घोषणा समावेश रहेका छन । सरकारले यसलाई प्रमुख दलका घोषणापत्रका साझा प्रतिबद्धताको अभिसरणका रूपमा प्रस्तुत गरेका छन । त्यसैले यो स्वास्थ्यलाई राष्ट्रिय प्राथमिकतामा राख्ने अवसर रहेको देखिन्छ । तर यसको पहिलो परीक्षा आगामी बजेटमै हुनेछन । २०८८ लक्ष्य वर्ष हो भने २०८३ जेठ १५ को बजेटले दिशा देखाउनुपर्छ । स्वास्थ्य सुधार भाषणबाट होइन, नागरिकले पाउने सेवाबाट मापन हुन्छन त्यसैले यो प्रतिबद्धता नियमित आधारभूत स्वास्थ्य सेवा, पर्याप्त औषधि, दक्ष स्वास्थ्यकर्मी, प्रभावकारी स्वास्थ्य बिमा, सुरक्षित मातृत्व तथा नवजात शिशु सेवा, आपत्कालीन उपचार, डायलासिस र ठूलो स्वास्थ्य खर्चबाट परिवारलाई जोगाउने प्रणालीमा रूपान्तरण हुनुपर्छ । ग्रामीण क्षेत्र, गरिब परिवार, ज्येष्ठ नागरिक, दीर्घरोगी र विपन्न समुदायका लागि यो सामाजिक न्याय र राज्यको उत्तरदायित्वको विषय रहेको देखिन्छ ।*

*अहिले मुख्य प्रश्न हो : के यो घोषणा आगामी बजेटमा स्पष्ट रूपमा समेटिन्छन ?  के यो कार्यक्रम, बजेट लाइन, स्रोतसाधन र कार्यान्वयन जिम्मेवारीमा अनुवाद हुन्छन ? यसको आधार पनि कमजोर छैन । यो लक्ष्य राष्ट्रिय स्वास्थ्य वित्तीय रणनीति २०२३-२०३३, नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना २०२३-२०३० र सार्वभौमिक स्वास्थ्य कभरेज तर्फको अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग समेत जोडिएको देखिन्छ ।*

# तस्करी नियन्त्रणका लागि खटिएका नेपाली सुरक्षा निकायमाथि प्रश्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ जेठ**

नेपाल-भारत सीमामा तस्करी नियन्त्रणका लागि खटिएका नेपाली सुरक्षा निकायमाथि प्रश्न उठ्न थालेको छ । पछिल्ला केही सातायता भारतीय सशस्त्र सीमा बल ( एसएसबी) ले महोत्तरीसँग जोडिएका विभिन्न सीमावर्ती क्षेत्रमा ठूलो परिमाणमा गाँजा, मदिरा, चरेस, स्याउ लगायतका अवैध सामान बरामद गरेपछि नेपाली सुरक्षा संयन्त्रको भूमिकामाथि स्थानीयस्तरमै शंका बढेको हो ।

भारतीय पक्षले एकपछि अर्को गर्दै तस्करीका सामान नियन्त्रणमा लिइरहँदा नेपाली सीमा सुरक्षा निकाय भने मौन देखिएको भन्दै स्थानीयवासी, सीमा सरोकारवाला तथा बुद्धिजीवीहरूले लाइन मिलाएर संगठित रूपमा तस्करी भइरहेको आशंका व्यक्त गर्न थालेका छन् ।

विशेषगरी महोत्तरीका विभिन्न नाकाबाट सहजै भारत पुगेका सामान भारतीय एसएसबीले नियन्त्रणमा लिइरहेको घटनाले नेपाली सुरक्षा घेराको प्रभावकारितामाथि प्रश्न उठाएको छ । स्थानीय भन्छन्, 'भारतीय एसएसबीले समातेका सामान आकाशबाट उडेर भारत पुगेका होइनन्, महोत्तरीकै सडक हुँदै सीमा पार गरेका हुन् ।'



पछिल्लो दुई साताको घटनाक्रम मात्रै हेर्ने हो भने महोत्तरीसँग जोडिएका सीमावर्ती क्षेत्रमा भारतीय एसएसबीले लगातार अवैध सामान बरामद गरिरहेको देखिन्छ । शनिबार सिर्सिया-डिमाही क्षेत्रको पिलर नम्बर ३१० नजिक भारतीय एसएसबीले स्याउ लोड गरिएको पिकअप नियन्त्रणमा लिएको थियो । त्यसभन्दा केही दिनअघि बिहीबार भारतको सितामढी जिल्लास्थित सुरसण्ड क्षेत्रमा १४२ किलो गाँजासहित दुई जनालाई पक्राउ गरिएको भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

यस्तै, शुक्रबार बिहारमा प्रतिबन्धित ४४ दशमलव ७ लिटर मदिरासहित एक व्यक्ति सीमा स्तम्भ नम्बर ३०४/१ नजिकबाट पक्राउ परे । भारतीय एसएसबीको ५१औँ बटालियनले भिट्ठामोड क्षेत्रमा मोटरसाइकलमार्फत लैजाँदै गरिएको ठूलो परिमाणको मदिरा बरामद गरेको जनाएको छ ।

त्यसअघि बैशाख २५ गते १७८ बोतल नेपाली मदिरा बरामद भएको थियो भने बैशाख २२ गते पिलर नम्बर ३०७ नजिकबाट ७२० बोतल मदिरा नियन्त्रणमा लिइएको थियो । सोही दिन ३ किलो चरेस सहित दुई मोटरसाइकल र दुई व्यक्ति पक्राउ परेका थिए ।

बैशाख २१ गते मात्रै ७८० लिटर मदिरा बरामद भएको विवरण भारतीय अनलाइन पोर्टलहरूमा प्रकाशित भएको छ । यी सबै घटनामा बरामद गरिएका सामान महोत्तरीकै सीमावर्ती सडक हुँदै भारत प्रवेश गरेको उल्लेख गरिएको छ । स्थानीयवासीहरूका अनुसार सीमामा चौबीसै घण्टा नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य सुरक्षा निकायको उपस्थिति रहने क्षेत्रबाट पटकपटक ठूलो परिमाणमा अवैध सामान पार हुनु सामान्य घटना हुनै सक्दैन । उनीहरू भन्छन्, 'लाइन मिलाएका तस्करका सामान सहजै सीमा कटाइन्छ ।

तर, सामान्य व्यापारी र सर्वसाधारण भने अनावश्यक हैरानी खेप्न बाध्य छन् ।' एक स्थानीय व्यवसायीले भने, 'लाइन नमिलाउने व्यापारीलाई दु:ख दिने, तर सेटिङ मिलेकाहरूको ट्रक, पिकअप र मोटरसाइकल खुला रूपमा सीमा पार हुने अवस्था छ । यस्तो काम सुरक्षा निकायको मिलेमतोबिना सम्भव हुँदैन ।'

भारतीय एसएसबीले पक्राउ गरेका गाँजा तथा मदिरा बोकेका सवारीहरू मुख्य नाका भएरै भारत प्रवेश गर्ने गरेको दाबी भारतीय सुरक्षाकर्मीहरूले पनि गर्दै आएका छन् । यसले नेपाली सुरक्षा संयन्त्र माथिको दबाब झनै बढाएको छ । लगातार सार्वजनिक भइरहेका घटनापछि सीमामा खटिएका प्रहरी तथा सशस्त्र प्रहरीको भूमिकामाथि निष्पक्ष छानबिन हुनुपर्ने माग उठ्न थालेको छ ।

# मिथिला बिहारी नगरपालिकामा ४८३ परिवारलाई गाउँब्लक जग्गाको लालपुर्जा वितरण

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २ जेठ**

धनुषाको मिथिला बिहारी नगरपालिकामा ४८३ परिवारलाई गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरिएको छ ।

साबिक मिथिलेश्वर निकास गाविस वडा नम्बर ६, ७, ८ र ९ मा पुस्तौंदेखि गाउँब्लक जमिन भोगचलन गर्दैआएका ति परिवारलाई लालपुर्जा वितरण गरिएको हो । नापी कार्यालय धनुषाको २ नम्बर नापी टोलीका प्रमुख सियाराम साहले गाउँब्लक जग्गाको नापनक्सा तथा दर्ता प्रक्रिया पुरा गरी शनिबार लालपुर्जा वितरण गरिएको बताउनुभयो । उहाँले कार्यालयमा यस ठाउँबाट दर्ता भएका छ सय ५८ निवेदनमध्ये हाल चार सय ८३ जनालाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको जानकारी दिनुभयो । टोली प्रमुख साहले लालपुर्जा पाउनबाट वञ्चित रहेका परिवारलाई पनि चाँडै सम्पूर्ण प्रक्रिया पूरा गरी प्रमाणपत्र वितरण गरिने बताउनुभयो । लालपुर्जा प्राप्तिपछि ती परिवारको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने उहाँले विश्वास व्यक्त गर्नुभयो । वडाध्यक्ष सुरेन्द्रकुमार मण्डलले पुस्तौंदेखि भोगचलन गर्दै आएका गाउँब्लक जग्गाको स्वामित्व प्राप्तिका लागि भएको लामो सङ्घर्ष र सरकारी कर्मचारीको निरन्तर प्रयासको कारण लालपुर्जा वितरण सम्भव भएको बताउनुभयो ।



लालपुर्जा प्राप्त गरेका स्थानीयवासीले आफ्नो पुर्ख्यौली जग्गामा कानुनी अधिकार प्राप्त भएको भन्दै खुसी व्यक्त गरेका छन् । त्यस अवसरमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उपेन्द्र न्यौपाने, कार्यपालिका सदस्य रामउदगार दास, सर्वेक्षक राजिवप्रसाद साह, अमिन श्यामराज पण्डित, सञ्जय यादवलगायत कर्मचारी र विभिन्न राजनीतिक दलका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना

वृष: आम्दानी हुने

मिथून: पिछडेको साथी मिल्न

कर्कट: खानपानमा समस्या आउने

सिंह: अनावश्यक चिन्ता

कन्या: विचार गरेर बोल्नुहोला

तुला: पढाईमा ध्यान दिनुपर्ने

वृश्चिक: मनमा पछुतो आउने

धनु: मित्रतामा फाटो आउने

मकर: अशुभ समाचार प्राप्त हुने

कूम्भ: लामो यात्राको योग छ

मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पैतालीस दिनको युद्धविराम विस्तारमा इजरायल-लेबनानबीच सहमति

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ जेठ**



लेबनानमा जारी इजरायली आक्रमणको बीचमा इजरायल र लेबनान आगामी ४५ दिनका लागि युद्धविराम विस्तार गर्न सहमत भएको अमेरिकी विदेश विभागले जानकारी दिएको छ । अमेरिकी विदेश विभागका प्रवक्ता टोमी पिगटले वासिङ्टनमा सम्पन्न भएको शान्ति वार्ता फलदायी भएको बताउँदै आगामी जुन २-३ मा राजनीतिक वार्ता जारी रहने कुरामा जोड दिएका छन् ।

यसैबीच मे -२९ मा पेन्टागनमा "सुरक्षा ट्र्याक" शुरू हुने र यसमा इजरायल र लेबनानका दुवै अधिकारीहरू उपस्थित हुने जनाइएको छ । छलफलले दुई देशबीच स्थायी शान्तिलाई अगाडि बढाउने, एक अर्काको सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई पूर्ण मान्यता दिने र उनीहरूको साझा सीमामा वास्तविक सुरक्षा स्थापना गर्ने पिगटलाई उद्दृत गर्दै अल जजिराले जनाएको छ । इजरायलले शुक्रबार दक्षिण लेबनानमा गरेको आक्रमणमा सात जनाको मृत्यु भएपछि युद्ध विराम प्रयास गरिएको लेबनानको सरकारी मिडियालाई उद्धृत गर्दै अल जजिराले रिपोर्ट गरेको छ ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च २ देखि इजरायलले गरेको आक्रमणमा दुई हजार ९५१ जनाको मृत्यु भएको छ । यद्यपि जारी शान्ति वार्ताकोबीचमा, हेजबुल्लाहले बुधबार दक्षिणी लेबनानमा इजरायली सैन्य केन्द्र सवारी साधनहरूलाई लक्षित गरी १७ वटा अपरेसन गरेको इरानी मिडियाले जनाएको छ। अपरेसनहरूमा आठ वटा ड्रोन आक्रमण, पाँचवटा क्षेप्यास्त्र वा रकेट आक्रमण, एउटा तोपखाना आक्रमण र एउटा निर्देशित क्षेप्यास्त्र प्रक्षेपण समावेश रहेको मिडियाले जनाएको छ ।

यसैबीच इजरायल डिफेन्स फोर्स ९आईडीएफ० ले आफ्नो आधिकारिक टेलिग्राम च्यानल मार्फत केही समय अघि दक्षिणी लेबनानमा आईडीएफ सैनिकहरू क्षेत्रमा पहिचान गरिएको हवाई लक्ष्य तर्फ इन्टरसेप्टर प्रक्षेपण गरिएको जनाएको छ ।

# 'धुरन्धर-२' ले पाकिस्तानमा मच्चायो तहल्का

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ जेठ**



रणवीर सिंहको फिल्म 'धुरन्धर-२' ले पाकिस्तानमा नयाँ रेकर्ड कायम गरेको दाबी गरिएको छ। पाकिस्तानी कन्टेन्ट क्रिएटर माविया उमर फारूकीका अनुसार, यो फिल्म नेटफ्लिक्समा रिलिज भएलगत्तै पाकिस्तानमा नम्बर १ मा ट्रेन्डिङ भइरहेको छ र अत्यधिक ट्राफिकका कारण नेटफ्लिक्सको सर्भरसमेत क्र्यास भएको छ ।

'धुरन्धर' र 'धुरन्धर २' दुवै फिल्मलाई पाकिस्तानका सिनेमा हलहरूमा प्रदर्शन गर्न प्रतिबन्ध लगाइएको थियो। तर, मे १५ मा नेटफ्लिक्समा रिलिज भएपछि यसले ठूलो दर्शक संख्या पाएको छ। फारूकीले दाबी गरेअनुसार रिलिज भएको २४ घण्टाभित्रै फिल्मले करिब २० करोड भ्युज पाएको छ ।

यद्यपि, सर्भर क्र्यास भएको बारे नेटफ्लिक्सले आधिकारिक पुष्टि भने गरेको छैन । क्रिएटर मावियाका अनुसार, फिल्मलाई लिएर दुष्प्रचारको आलोचना भए पनि पाकिस्तानी दर्शकहरूमा यो फिल्म हेर्ने तीव्र उत्सुकता थियो। दर्शकहरू रणवीर सिंहले आफ्नो भूमिका कसरी निभाएका छन् र फिल्ममा देखाइएको कराँचीको क्षेत्रको घटनाक्रम कति वास्तविक छ भन्ने कुरा जान्न चाहन्थे । पाकिस्तानमा यो फिल्म 'धुरन्धरः द रिभेन्ज ( रअ एण्ड अनदेखा)' शीर्षकमा रिलिज भएको छ ।

# आदर्श प्रिमियम क्रिकेट लिगको उपाधि रतौलीलाई

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, २ जेठ**



धनुषामा आयोजित १० ओभरको "आदर्श कप क्रिकेट टुर्नामेन्ट" अन्तर्गत सम्पन्न फाइनल खेलमा रतौली टिम विजयी हुँदै उपाधि जित्न सफल भएको छ। फाइनल मुकाबलामा रतौलीले बसहिया टिमलाई १६ रनले पराजित गर्दै शानदार जित दर्ज गरेको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको रतौली टिमले निर्धारित १० ओभरमा उत्कृष्ट प्रदर्शन गर्दै १०३ रनको लक्ष्य प्रस्तुत गरेको थियो। रतौलीका ब्याट्सम्यानहरूले सुरुदेखि नै आक्रामक खेल प्रदर्शन गर्दै सम्मानजनक योगफल तयार पारेका थिए । १०३ रनको लक्ष्य पछ्याएको बसहिया टिमले निरन्तर विकेट गुमाउँदा दबाबमा परेको थियो। रतौलीका बलरहरूले कसीलो बलिङ गर्दै विपक्षी टोलीलाई नियन्त्रणमा राखेका थिए । अन्ततः बसहिया टिम लक्ष्य पूरा गर्न नसकी अलआउट भएपछि रतौली १६ रनले विजयी बनेको हो । फाइनल खेल अत्यन्त प्रतिस्पर्धात्मक र रोमाञ्चक बनेको थियो। खेल हेर्न स्थानीय दर्शकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो भने मैदानमा खेलाडीहरूको उत्साहजनक प्रदर्शनले प्रतियोगिता थप आकर्षक बनेको थियो । प्रतियोगिता नेकपा धनुषा क्षेत्र नं. ३ प्रतिनिधि सभा सदस्यका प्रत्याशी उम्मेदवार राम ललित मण्डलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा बोल्दै उनले खेलकुदले युवामा अनुशासन, एकता र सकारात्मक ऊर्जा प्रवाह गर्ने उल्लेख गर्दै यस्ता प्रतियोगितालाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरे । विजेता रतौली टिमलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो भने उपविजेता बसहिया टिमलाई पनि सम्मान गरिएको आयोजक समितिले जनाएको छ ।

# लचिलो मौद्रिक नीतिलाई निरन्तरता, ब्याजदर करिडोर पुनरावलोकन हुने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ जेठ**



नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिको तेस्रो समीक्षा गरेको छ । राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षा गर्दै धेरै जसो हालका व्यवस्थाहरुलाई कायमै राखेको छ भने ब्याजदर करिडोरलाई थप प्रभावकारी बनाउन बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइने स्थायी निक्षेप सुविधासम्बन्धी व्यवस्था पुनरावलोकन गर्ने घोषणा गरेको छ । राष्ट्र बैंकले विदेशी विनिमय सञ्चिति र मुद्रास्फीति लक्ष्यअनुसार रहेको तथा न्यून आर्थिक वृद्धिको अवस्थालाई दृष्टिगत गर्दै लचिलो मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दिएको राष्ट्र बैंकले जनाएको छ ।

ब्याजदर करिडोर, बैंकदर, अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थामा राष्ट्र बैंकले खासै कुनै सुधार गरेको छैन् । राष्ट्र बैंकले वर्तमान आर्थिक अवस्थालाई समेत केलाएको छ । राष्ट्र बैंकका अनुसारअर्थतन्त्रको वाह्य क्षेत्र सहज स्थितिमा छ । चालु आर्थिक वर्षको नौ महिनासम्म विप्रेषण आप्रवाह उल्लेख्य विस्तार भएकोले चालु खाता, शोधनान्तर बचत र विदेशी मुद्रा सञ्चिति बढ्दो क्रममा रहेको छ ।

# राष्ट्रिय जेनजी-नागरिक अभियानले भन्यो, 'बालेन सरकारमाथि हाम्रो निगरानी'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ जेठ**




राष्ट्रिय जेनजी-नागरिक अभियानले वर्तमान सरकारले जनतामाथि क्रुर शासन चलाएको आरोप लगाएको छ ।

शनिबार राजधानीको संवाद डबलीमा पत्रकार सम्मेलन गरी आफूहरूको 'बालेन' सरकारमाथि निरन्तर निगरानी रहनेसमेत बताएको छ । अभियानका संयोजक सुनिल सिंहले वर्तमान सरकार राष्ट्रिय स्वाधीनताको मुद्दामा मौन रहने र जनतामाथि अत्याचारी बनेको आरोप लगाए । "नेपाली भूमि लिपुलेकमा भारतीय रवैयाप्रति चुपचाप बन्ने तर जनतामाथि निरङ्कुश र तानाशाही प्रवृत्तिका विरुद्ध हामी चुप रहन सक्दैनौं" सिंहले चेतावनी दिए । सह-संयोजक अजय सोडारीले संसद् भवन, सिंहदरबार जल्दा चुप लाग्ने सेनाले सुकुमबासी बस्तीमा डोजर लगाउन आएको भन्दै आक्रोश व्यक्त गरे । "वर्तमान सरकारमा 'होसभन्दा जोस' बढी छ, जसले विधिको शासन, थितिको शासन, प्रणालीको शासन र कानुनी राज्यको उपहास गरेको छ" सोडारीको कथन छ ।

अभियानका प्रवक्ता विर्जन विश्वकर्माले जेनजीको बलबाट आएको सरकारले गौरीबहादुर कार्कीको नेतृत्वमा बनेको छानबिन समितिको प्रतिवेदन अनुसार न्याय दिन नसकेको भन्दै रोश व्यक्त गरे। विश्वकर्माले राष्ट्रिय मानवअधिकार अयोगले तयार पारेको प्रतिवेदन पनि तत्काल सार्वजनिक गर्न माग गरे । अभियानका सचिव प्रकाश बमले प्रधान न्यायाधीश तथा न्यायाधीश नियुक्ति र अन्य संवैधानिक निकायका प्रमुखहरूको नियुक्ति योग्यता र प्रतिस्पर्धाका आधारमा हुनुपर्नेमा पुरानै प्रवृत्ति दोहोरिएको भन्दै आक्रोश व्यक्त गरे । अभियानका सुनिल विकले भारतले नेपालको कालापानी र लिपुलेक क्षेत्रबाट आफ्नो सेना नहटाए राष्ट्रिय मुक्तिको लडाई लड्नुपर्ने धारणा राखे । अभियानका सुशील बुढाथोकीले विकल्प विना नै सुकुमबासी बस्तीमा डोजर लगाउने कार्य गैर कानुनी मात्रै नभएर मानवता विरोधी कार्य भएको बताए ।

# प्रतिनिधिसभामा आएन अध्यादेशहरू स्वीकृत गर्ने प्रस्ताव

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ जेठ**



सरकारले संसद् अधिवेशन नरहेका बेला विभिन्न ८ वटा अध्यादेश ल्याएको थियो । ती अध्यादेशहरू अधिवेशन सुरु भएकै दिन गत वैशाख २८ मा संघीय संसद् अन्तर्गतका दुवै सभामा पेस भए । संसद अधिवेशन नरहेका बेला सरकारले सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था अध्यादेश र संवैधानिक परिषद् ( काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश ल्याएको छ ।

सम्पत्ति शुद्धीकरण ( मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावलले सहकारी (पहिलो संशोधन) अध्यादेश, स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी भएको छ । संघीय संसद्का दुवै सदनमा पेस भइसकेका यी अध्यादेशहरू दुवै सदनबाट स्वीकृत भएपछि सरकारलाई अध्यादेश प्रतिस्थापन विधेयक ल्याउने बाटो खुला हुन्छ ।

अध्यादेश सदनमा पेस भएको ६० दिनभित्र अध्यादेश प्रतिस्थापन विधेयक ल्याएर दुवै सदनबाट पारित भएर राष्ट्रपति समक्ष पुगेर प्रमाणीकरण भई ऐनमा रूपान्तरित भइसक्नुपर्छ । तर, सरकारले यसपटक अध्यादेश स्वीकृत गरियोस् भन्ने प्रस्ताव कहिले ल्याउँछ त्यसको टुंगो गरेको छैन । प्रतिनिधिसभाले आगामी असार १५ गतेसम्मका लागि ल्याएको संसदीय क्यालेन्डरमा अध्यादेश स्वीकृत गर्ने विषय परेको छैन । सरकारले चाहँदा यस्तो प्रस्ताव अगाडि बढाउन सक्दछ र त्यसअनुसार सभामुखले संसद्को कार्यसूची हेरफेर गर्न सक्दछन् । तर, संसदीय क्यालेन्डरमा भने अध्यादेश स्वीकृत गर्ने विषय नपरेको हो ।

# वरसाइत : दाम्पत्य रक्षाको प्रेरक पर्व



-वट सावित्री पर्व, जसलाई वरसाइत पनि भनिन्छ, विवाहिता महिलाहरूले आफ्ना पतिको दीर्घायु र सुखद वैवाहिक जीवनको कामना गर्दै मनाउने एक महत्वपूर्ण पर्व हो । यो पर्व जेष्ठ महिनाको अमावस्याको दिन मनाइन्छ र यसमा वटवृक्षको पूजा गर्ने परम्परा छ, जुन सावित्रीले आफ्ना पति सत्यवानलाई यमराजबाट फर्काएर ल्याएको पौराणिक कथासँग जोडिएको छ। वरसाइत पूजामा विशेष सामग्रीहरू प्रयोग गरिन्छन् र नवविवाहिताको लागि यो पर्व विशेष तामझामका साथ मनाइन्छ, जसमा माइतीबाट 'भार' पठाउने चलन रहेको छ ।

मिथिला समाजमा 'सावित्री-सत्यवान'को एक पौराणिक प्रतीकात्मक कथा नारी पर्वका रूपमा प्रचलित छ । पतिव्रता नारी सावित्रीले अकाल मृत्युको सिकार हुन पुगेका पति सत्यवानलाई आफ्नो सत्यनिष्ठा र दृढ संकल्पको बलले यमराजबाट फर्काएर ल्याएको घटना नै यस पर्व र कथाको केन्द्रमा रहेको छ । यो घटना एक वटवृक्ष (वरको रुख) मुनि घटेको हुनाले प्रतीकात्मक रूपमा वटवृक्षको पूजा गर्ने परम्परा बस्यो, जसलाई वट सावित्री पर्व वा वरसाइत पर्व भनेर भनिन्छ । वरसाइत पर्व जेष्ठ मासको अमावस्याको दिन पर्दछ । यो व्रत विवाहिताहरूले आफ्ना पतिको स्वास्थ्य र दीर्घायुको लागि र सुखद वैवाहिक जीवनको लागि लिने गर्दछन् । वरसाइत पूजा सधवा स्त्रीले जीवनभर गर्ने गर्दछन् । तर विवाह भएको प्रथम वर्षमा भने यो पूजा विशेष तामझामका साथ सम्पन्न हुन्छ । विवाहपछिको पहिलो वरसाइत पूजा बृहत आयोजनका साथ गर्नुपर्ने हुन्छ । वरसाइत पूजाका लागि नवविवाहिताको घरमा माइतीबाट ठुलो डालोमा नववस्त्र तथा अन्य पूजन सामग्रीहरूको भार (पाहुर) पठाइने परम्परा छ । त्यस्तो वस्तु जो कुनै कुटुम्ब वा इष्टमित्र कहाँ व्यवहार पठाइन्छ, मिथिलामा त्यसलाई 'भार' भनिन्छ, जसले दुई परिवारबिचको सम्बन्धलाई अझ प्रगाढ बनाउँछ । पहिलो वरसाइत पूजा प्रायः ससुरालीमा नै आयोजन गरिन्छ तर आवश्यकता वा परिस्थिति अनुसार माइतीमा पनि गर्नुमा कुनै रोक रहेको पाइँदैन । तर माइतीमा वरसाइत मनाउँदा ससुरालीले 'भार' माइत पठाई दिने चलन छ । मिथिलामा वटसावित्री पर्व एउटा अत्यन्त महत्त्वपूर्ण धार्मिक र सांस्कृतिक उत्सव हो । विवाहिताहरू यस दिन नयाँ रातो वा पहेँलो वस्त्रमा सजिएर वरसाइत पूजामा बस्छन् । वरसाइत पूजा वटवृक्ष मुनि वा प्रतीकात्मक रूपमा वटवृक्षकै पूजा हुने भएको र वटवृक्ष घर वरिपरि नहुने हुँदा पूजाको लागि वटवृक्षमै पुग्नुपर्ने हुन्छ । स्वास्थ्य अवस्था वा अन्य कुनै कारणले बाहिर ननिस्कने महिलाहरूले वटवृक्षको डाल मगाई त्यो डाल आँगनमा पूजाकै लागि रोपी पूजाको अर्को दिन उखेली पूजाको निर्माल्यसँगै जलाशयमा सेलाइदिने गरिन्छ । बरसाइत पूजाका सामग्रीहरू पूजाको प्रकृतिअनुसारै अनौठो किसिमको रहेको देखिन्छ । यस पर्वमा प्रयोग हुने सामग्रीहरू प्राकृतिक र परम्परागत हुन्छन्, जसमा मिथिलाको मौलिकता झल्किन्छन् । पूजाको फूलपातबाहेक सबै पूजा सामग्री भारमै आएको हुन्छ । भारमा आउने सामग्रीहरूमा बाँसबाट बनेको बियनी (हातले हम्कने पंखा), डाली (टोकरी), पातिल, कनिया-पुतरा ( सावित्री र सत्यवानको प्रतीक सरह कपडा वा माटोबाट बनेका दुलहा-दुलहीका आकृतिहरू), माटोको सानो भाँडोमा धानको लावा ( भुटेको धान) जसको मुखमा धागोले १४ वटा बड़ (मासको दालको परिकार), वरको फल, धागो ( रक्षासूत्र), सिन्दूर, काजर, बेसारको धुलो, चामलको पिठो (अरिपणका लागि), भिजाएको चना, आँप, केरा र अन्य ऋतु फलहरू हुन्छन् ।

वरसाइत पूजा दिउँसै गरिन्छ । सधवा स्त्रीहरूले नुहाइधुवाइ गरी नयाँ वस्त्र धारण गरी सामान्य पूजन सामग्री डालीमा लिई वटवृक्षमा पुगी वटवृक्षलाई जल, फूल, चन्दन, धूप, दीप, नेवैद्य आदि अर्पण गरी पूजा गर्दछन् र त्यससँगै रक्षासूत्रले वटवृक्षलाई पटकपटक बेरेर बियनिले हम्किन्छन् । उनीहरूका लागि वरसाइत पूजा यसरी पूरा हुन्छ । तर नवविवाहिताले गर्ने वरसाइत पूजामा झण्डै दुई प्रहरको समय लाग्दछ । नवविवाहिताले गर्ने पूजाका लागि वटवृक्षमुनि वा आँगनमा अरिपण बनाइएको हुन्छ । अरिपणमा वरको रुख, सावित्री-सत्यवान, यमराज र उनको वाहन (राँगो) को चित्र कोरिएको हुन्छ । छरछिमेकको महिलाहरूलाई वरसाइत पूजाको निम्तो दिइएको हुन्छ । पूजाको बेला महिलाहरूको राम्रै भीडभाड हुन्छ । वरसाइत पूजाको प्रारम्भ र समापन परम्परागत लोकगीतबाट हुन्छ । पूजाको क्रममा पनि गीतगान भइरहेकै हुन्छ । वटवृक्षको विधिवत पूजा तथा रक्षासूत्र बेर्ने कार्य पूरा भएपछि वटसावित्रीको व्रत कथा श्रवण गरिन्छ । पूजाका क्रममा उनीहरूले वरको रुखलाई रक्षासूत्रले १०८ पटक वा क्षमता अनुसार बेरेर 'रक्षा सूत्र' बाँध्छन् । पूजापछि बियनिले वृक्षलाई हम्कने चलन छ । वटसावित्री पूजाको प्रसाद केवल खाने कुरा मात्र नभई यो धार्मिक आस्था र स्वास्थ्य विज्ञानको सुन्दर मिश्रण हो । यस पूजाको सबैभन्दा अनिवार्य प्रसाद भिजाएको काँचो चना हो । कतिपय ठाउँमा भिजाएको चामल र मुँगको दाल पनि चढाइन्छ । भनिन्छ, सावित्रीले यमराजलाई पछ्याउँदै गर्दा तीन दिनसम्म अन्न त्याग गरेर केवल चना र फलफूल खाएर व्रत बसेकी थिइन् । त्यसैले यो प्रसादले उनको त्याग र निष्ठालाई प्रतिनिधित्व गर्छ । पूजाको समयमा र विशेष गरी वरको रुखमुनि व्रतालुहरूले समूहमा बसेर गाउने गीतहरूमा भक्ति, समर्पण र पतिको दीर्घायुको कामना हुन्छ । वरसाइत पूजा सुरु गर्दा देवी भगवती र गौरीको वन्दना गीत गान गरिन्छ । त्यसपछि वरसाइतका पारम्परिक गीतहरू गाइन्छ । वरसाइत गीतहरूमा प्रायः शृंगार, पति-पत्नी प्रेम, वरसाइत पूजाको विशिष्टता, सावित्रीको साहस र सत्यवान प्रतिको प्रेमको वर्णन पाइन्छ । यस्ता गीतहरूमा वरसाइत पुजव हम यौ सजना..., नही जाउ अहाँ पिया विदेश यौ.., चलु चलु सखी कैरके शृंगार पूजन वटवृक्ष... रहेको पाइन्छ । खासगरी नवविवाहिताको पूजा गीतहरूमा नयाँ दुलहीको पहिलो वरसाइतमा गाउने गीतहरूमा अलि बढी उत्साह र उमङ्ग रहेको हुन्छ । वर गाछक पात, सावित्री सती भेलि हो, सत्यवानक प्राण, यम सँ फिर्ता आनलि हो..." सावित्री र सत्यवानको कथा महाभारतको वनपर्वमा उल्लेख गरिएको एउटा अत्यन्तै प्रेरक पौराणिक कथा हो, जसले प्रेम, पतिव्रत धर्म र दृढ संकल्पको शक्तिलाई दर्शाउँछ ।

मद्र देशका राजा अश्वपतिकी छोरी सावित्री अत्यन्तै सुन्दरी र गुणवती थिइन् । उनले आफ्ना लागि आफैँ वर खोज्ने क्रममा वनमा बस्ने सत्यवानलाई रोजिन् । सत्यवान साल्वा देशका अन्धा राजा द्युमत्सेनका छोरा थिए, जसको राज्य खोसिएपछि उनीहरू वनमा तपस्वीको जीवन बिताइरहेका थिए । सावित्रीले सत्यवानलाई रोजेपछि देवर्षि नारदले सत्यवानको आयु अब मात्र एक वर्ष बाँकी रहेको भविष्यवाणी गरेका थिए । राजा अश्वपतिले छोरीलाई अर्को वर रोज्न आग्रह गरे, तर सावित्रीले भनिन्, 'मैले मनैदेखि उनलाई पति स्वीकार गरिसकेँ, अब जे भए पनि म उनैसँग विवाह गर्छु ।' सत्यवानको मृत्यु हुने भनिएको दिनमा उनी सत्यवानसँगै वनमा दाउरा काट्न गएकी थिइन् ।

**साभार : रातोपाटी ।**


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला








## आगलागी

सुन, गुन, बिचार गर

"होइन" भन नशा र दुव्यर्सनलाई

"हो" भन घरपरिवार अनि भविष्यलाई ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday